# कीर्तिपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालयको
## **ग्राभेल खरिद सम्वन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७६/०१/११)

यस कीर्तिपुर नगरपालिकाबाट आ.ब. ०७५/०७६ मा नगर भित्रका (वडा नं. १ देखि १० सम्म) विभिन्न सडकहरुको मर्मत संभारका लागि आवश्यक पर्ने ग्राभेल दरभाउपत्रका माध्ययमबाट (प्रति एक घन मीटर) मूल्य सबैभन्दा घटी थोक मूल्य कबोल गर्ने सप्लायर्स, फर्म तथा कम्पनीहरुबाट खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न ईजाजत प्राप्त आपूर्तिकर्ता फर्म तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रित पूर्वक सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु सिलवन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्ने छ।

२) दरभाउपत्र फाराम खरीद गर्नको लागि दरभाउपत्रदाता आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।

३) सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले १५ औं दिन भित्र की.न.पा. कार्यालयमा कार्यालय समय भित्र खरीद गरी १६ औं दिन, दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नुपर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिन, दिनको ५:०० बजे खोलिनेछ। दरभाउपत्रदाता उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

४) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।

५) बिल अफ क्वान्टिटीमा ग्राभेलको परिमाणमा प्रति एक घन मीटरमा उल्लेख गरिएको छ। नगरपालिकाले तोकेको परिमाणमा ग्राभेल माग गरेमापनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमै ग्राभेल उपलब्ध गराउनु पर्ने छ। कबोल गरेको दररेट आ.ब. ०७५/०७६ सम्म मात्र मान्य रहनेछ। सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबोल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

६) सिलबन्दी दरभाउपपत्र साथ यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५मा रु ५०,०००।- धरौटी रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न भएको हुनुपर्नेछ।

६) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।

७) दरभाउपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ।

८) यस नगरपालिकाको हितलाई ध्यानमा राखि प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.मा सुरक्षित रहने छ।

१०) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | किसिम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | KRM 21 | की.न.पा. भित्रका (वडा नं. १ देखि १० सम्म) विभिन्न सडकहरुको मर्मत संभारका लागि खरिद गरिने ग्राभेल | सिलवन्दी दरभाउपत्र | १०००।- |